# मादी नगरपालिका

# स्थानीय राजप

खण्ड : २ (१)　　संख्या : ९ (१)　　मिति:२०७५।०४।१८

# भाग-२

## मादी नगरपालिकाद्वारा प्रकाशित

# नगर खेलकुद विकास समिति गठन तथा सञ्चालन कार्यविधी, २०७५

# नगर खेलकुद विकास समिति गठन तथा संचालन कार्यविधी, २०७५

**प्रस्तावना:** स्वास्थ्यको लागि खेलकुद मादी नगरको अभियान, स्वस्थ्य र सृजनशिल व्यक्ति मादी नगरको शान भन्ने मूलनारा सहित यस मादी नगरपालिका क्षेत्र भित्र बसोवास गर्ने सम्पूर्ण नगरवासीहरुलाई खेलकुद मार्फत स्वस्थ्य र सृजनशिल व्यक्तिको रुपमा विकास गर्नको लागि मादी नगर खेलकुद विकास समिति गठन र सञ्चालन कार्यविधी आवश्यक भएकोले यो “नगर खेलकुद विकास समिति गठन र सञ्चालन कार्यविधी, २०७५”पारीत गरिएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधीको नाम “नगर खेलकुद विकास समिति गठन तथा सञ्चालन कार्यविधी, २०७५” रहेको छ ।

(२) यो कार्यविधी तुरुन्त प्रारम्भ हुनेछ ।

**२.परिभाषा र व्याख्या:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्य विधीमा:-

(क) “नगरपालिका”भन्नाले मादी नगरपालिका सम्झनु पर्दछ ।

(ख) “नगर कार्यपालिका”भन्नाले मादी नगर कार्यपालिका सम्झनु पर्दछ ।

(ग) “नगर प्रमुख”भन्नाले यस नगर कार्यपालिकाको नगर प्रमुख सम्झनु पर्दछ ।

(घ) “उपप्रमुख” भन्नाले यस नगर कार्यपालिकाको उप प्रमुख सम्झनु पर्दछ ।

(ङ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले यस नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(च) "नगर खेलकुद विकास समिति" भन्नाले यस कार्यविधी बमोजिम नगरपालिकाद्धारा सञ्चालन हुने खेलकुदसँग सम्बन्धित क्रियाकलापहरुलाई नियमन तथा आवश्यक सुधारात्मक कार्यहरु गर्नका लागि गठन गरिएको समितिलाई सम्झनु पर्दछ ।

(छ) "वडा समिति" भन्नाले नगरकार्यपालिकाको वडा समिति सम्झनु पर्दछ ।

(ज) "सभा" भन्नाले यस नगरपालिकाको नगरसभा सम्झनु पर्दछ

**३. नगर खेलकुद विकास समिति गठनः** तपशिलका व्यक्तिहरु नगर खेलकुद विकास समितिमा सदस्य हुन सक्ने छन्:-

क) मादी नगरपालिकाको नागरिक,

ख) कुनै पनि फौजदारी अभियोग नलागेको व्यक्ति,

ग) खेल क्षेत्र बुझ्केको वा खेल क्षेत्रलाई माया गर्ने व्यक्ति,

**४. नगर खेलकुद विकास समितिमा तपशिलका पदाधिकारीहरु रहने व्यवस्था रहेको छ ;-**

क) नगरप्रमुखले तोकेको एक अध्यक्ष,

ख) खेलकुद सम्बन्धित विषयगत क्षेत्र हेर्ने कार्यपालिकाको संयोजक,-सदस्य

ग) मादी नगरपालिका भित्रका माध्यमिक विद्यालयहरुबाट प्रधानाध्यापक मध्येबाट नगर प्रमुखले तोकेको एक जना,-सदस्य

घ) खेल प्रेमीहरु मध्येबाट नगरपालिकाले छनौट गरेको एक जना महिला-सदस्य

ङ) मादी नगरपालिका भित्रको क्लबका अध्यक्षहरु मध्येबाट मादी नगरपालिकाले छनौट गरेको २ जना-सदस्य

च) मादी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले तोकेको एक जनाकर्मचारी - सदस्य सचिव ।

## ५. नगर खेलकुद विकास समितिको कार्यहरु ;-

(क) यस नगरपालिकाबाट सञ्चालन गरिने विभिन्न खेलकुद क्रियाकलापहरुको सञ्चालन, नियमन, प्रवर्द्धन लगायतका कार्य गर्ने,

(ख) नगर क्षेत्रभित्र सञ्चालन गरिने खेलकुदहरुको पहिचान गरी नगर कार्यपालिकामा पेश गर्ने,

(ग) खेलकुदको माध्यमबाट सम्पूर्ण नगरवासीलाई एकिकृत गर्ने,

(घ) नगरपालिकाको तर्फबाट प्रतिनिधित्व गरी अन्य कुनै ठाँउमा गई खेलकुद क्रियाकलापमा सहभागि हुन जाँदा व्यवस्थापन गर्ने,

(ङ) वार्षिक कार्यक्रम बनाई विभिन्न खेलकुदको आयोजना तथा सञ्चालन गर्ने,

(च) नगर खेलकुद विकास समितिले वार्षिक रुपमा कम्तिमा २ वटा नगरस्तरिय, कम्तिमा ३ वटा विद्यालय स्तर खेलकुद आयोजना तथा सञ्चालन गर्नुपर्नेछ, भने अन्य विभिन्न खेलकुद सम्बन्धी क्रियाकलापहरु गर्न गराउन सक्नेछ ।

**६.खेलकुद प्रकृया:** (१) वार्षिक योजनामा नपरेको कुनैपनि खेलकुद तत्काल आयोजना तथा सञ्चालन गर्न आवश्यक परेमा रु ५०,०००।- (अक्षरुपी रु पचास हजार) सम्म खर्च व्यहोर्ने कार्यक्रमको लागि नगरप्रमुखको निर्णय द्धारा,

(२) रु पचास हजार देखि दुई लाख सम्मको खर्च हुने खेलकुद कार्यक्रमको लागि नगर खेलकुद विकास समितिको सिफारिसमा नगर प्रमुखको निर्णय द्धारा,

(३) रु २,००,०००।- दुई लाख भन्दाबढी कुनै पनि खेलकुद कार्यक्रम आयोजना तथा सञ्चालन गर्न आवश्यक परेमा नगरसभाद्वारा निर्णय गर्नुपर्नेछ ।

**७.प्रतिवेदन पेश गर्नुपर्ने:** नगर खेलकुद विकास समितिले आफ्नो सम्पुर्ण कार्यक्रमको अर्धवार्षिक रुपमा नगरसभामा प्रतिवेदन पेश गर्नुपर्नेछ

**८. खेलकुद विकास समितिले पालना गर्नुपर्ने पूर्वशर्त :**

(क) खेलकुद विकास समितिले नगरपालिकाद्वारा गरिएको निर्णयहरु पालना गर्नुपर्ने,

(ख) कुनै पनि खेलकुद कार्य आयोजना तथा सञ्चालन गर्न आवश्यक परेमा प्रस्तावना सहित नगरपालिकामा पेश गर्नुपर्ने,

(ग) नगर खेलकुद विकास समितिले आयोजना तथा सञ्चालन गर्ने खेलकुद गतिविधिहरु सामाजिक सौहार्द्रपूर्ण रुपमा, आर्थिक मितव्ययीता एवं सबैलाई समेट्न सक्ने गरी चुस्त दुरुस्त रुपमा गर्नु पर्नेछ,

(घ) आर्थिक गतिविधीहरु पारदर्शी, उत्तरदायी र जवाफदेही प्रकारको हुनुपर्नेछ,

(ङ) वार्षिक लेखापरीक्षणको व्यवस्था भै आधिकारीक निकायबाट सो अनुसार लेखा परीक्षण गराउनु पर्नेछ ।

**९.प्राप्त आर्थिक सहायता तोकिएको प्रयोजनमा खर्च गर्नुपर्ने:** यस नगरपालिकाबाट जुन प्रयोजनका लागि जे जति रकम विनियोजन भएको हो सोही प्रयोजनमा खर्च गर्नु पर्नेछ ।

**१०. यसै कार्यविधी बमोजिम भए गरेको मानिने:** यस अघि यस नगरपालिकाबाट खेलकुद क्षेत्रमा विनियोजन गरिएका रकम समेत यसै कार्यविधी बमोजिम भए गरेको मानिनेछ ।

**११.कार्यविधीको व्याख्या संशोधनतथा अनुसूचीथपघटः**यस कार्यविधीको आवश्यक व्याख्या, संशोधन तथा अनुसूची थपघट नगर कार्यपालिकाले गर्नेछ ।

आज्ञाले,
आनन्द राज पोखरेल
प्रमुख प्रशासकीय अधिकृत